# गोलभेडा बालीको जरामा गाँठा पार्ने जुका

## समस्याको पहिचान

जुकाले जरामा आक्रमण गरी क्षति गर्छ । शुरु अवस्थामा बिरुवाको माथिका भाग हेरेर क्षति/लक्षण पहिचान गर्न गाह्रो हुन्छ (चित्र १)। जुकाको दोस्रो अवस्थाको जुभेनाइलले जरामा आक्रमण गरेको २-३ दिन भित्र स-साना गाँठाहरु बन्न शुरु गर्दछन् (चित्र २)। पछि उक्त गाँठाहरु वृद्धि भइ नाङ्गो आँखाले समेत देखिने हुन्छ (चित्र १)। जुकाको प्रकोप बढ्दै गएपछि बिरुवाको बृद्धि कम हुने र ओइलाउने लक्षण देखा पर्दछ। शुरुमा मध्य दिन वा चर्को घाम लागेको समयमा ओइलाउँछ भने प्रकोप बढी भएमा दिन र रात जुन बखत पनि ओइलाउँछ र अन्तमा बिरुवा मर्दछ (चित्र ३)। क्षति भइसक्नु पूर्व समस्या पहिचानको लागि समयमा नै माटो तथा जराको नमुनाबाट जुकाको पहिचान गर्नु पर्दछ।

## समस्याको पृष्ठभूमि

नेपालमा गोलभेंडामा लाग्ने यस जुकाको चार प्रजातिहरु *Meloidogyne incognita, M. hapla, M.arenaria, M. javanica* पहिचान भइसकेका छन् । गोलभेंडाको जरामा गाँठा पार्ने जुकाको प्रकोप न्यानो वा गर्मी ठाउँमा बढी हुने गर्दछ। तर *M. hapla* चिसो क्षेत्रमा पाइन्छ। यी जुका संक्रमित माटोबाट र संक्रमित खेतबारीमा उत्पादन गरिएका बेर्नाबाट सर्दछ। निरन्तर ५ बर्षसम्म एकैठाउँमा गोलभेंडा वा अन्य बालीहरु जस्तै भण्टा, भेडे खुर्सानी, भिण्डी, काँक्रा फर्सी आदि लगाएमा यसको प्रकोप बढ्दै जान्छ। सामान्यतः यो जुकाले गोलभेंडाको उत्पादनमा २०-३०% सम्म क्षति पुर्याएको पाइएको छ।

## व्यवस्थापन

- यथासम्भव जुकाको प्रकोप नभएको क्षेत्रमा गोलभेंडा खेती गर्ने।
- Solarization or Anaerobic Soil Disinfestation विधिबाट माटोको उपचार गरी वा कोकोपिट र ट्राइको-कम्पोष्टको मिश्रण (१:१) लाई नर्सरी ट्रेको प्रयोग गरी नर्सरी राखे। सम्भव भएमा बेर्ना सार्ने ठाउँमा पनि माटो उपचार गर्ने।
- जुका अवरोधक जंगली भण्टाको जरासँग गोलभेंडाको बेर्ना कलमी गरी खेती गर्दा जुकाको क्षति कम गर्न सकिन्छ।
- सम्भव भएमा बेर्ना रोप्नुपूर्व १-३ हप्तासम्म बारीमा पानी पटाउने।
- यो जुका कम लाग्ने/नलाग्ने बालीहरु (ज्वार जई, मकै काउली बन्दा, मुला) सँग बाली—चक्र प्रणाली अपनाउने।
- गर्मी र सुख्खा समयमा गहिरो खनजोत गरेमा माटो मुनी बसेका जुकाका अण्डा नष्ट हुन्छन्।
- गोलभेंडासँग सयपत्री लगाउँदा जुकाहरुलाई सयपत्रीले एलिलोप्याथी भनिने प्रक्रिया मार्फत जुकाहरूलाई नियन्त्रण गर्न मद्दत गर्दछ। सयपत्रीको जराबाट उत्पादन हुने रसायनहरू, विशेषगरी α-terthienyl ले जुकाहरूलाई मार्ने वा विकासलाई रोक्न सक्छन्।
- बेर्ना रोप्नुभन्दा ५-७ दिन अगाडि तोरी, रायो, चिउरी आदिको पिना २००-२५० ग्राम प्रति बर्ग मिटरका दरले माटो उपचार गर्ने।
- बिरुवाको उमेर अनुसार १:१० देखि १:४ सम्म अनुपातमा झोल मलको घोल बनाइ बिरुवाको फेद वरिपरि माटो उपचार गर्ने।
- भर्मिवास १५० मिलिलिटर प्रति बोट र ट्राइकोकम्पोष्ट स्लरी १५० मिलिलिटर प्रति बोटका दरले उपचार गर्दा जरामा जुकाको गिर्खामा कमी आउँछ।
- माटो जाँच गरी सिफारिस अनुसार कृषि चुन वा बायोचारले माटो उपचार गरी खेती गर्ने।
- कभर बाली वा हरियो मलको रुपमा रायो, तोरी, मुला, काउली, बन्दा आदि लगाउँदा जुकाको प्रकोप कम गर्न सकिन्छ।
- प्रकोप धेरै भएमा जुकानाशक विषादी (Fluopyram or Fosthiazate) २५० ग्राम प्रति हेक्टरको दरले माटो उपचार गर्ने।


## सन्दर्भ सूची

- चौधरी, रा. (२०६९) । धानबालीमा लाग्ने प्रमुख रोगहरु तथा व्यवस्थापन। कृषि अनुसन्धान केन्द्र, पाख्रिबास, नेपाल कृषि अनुसन्धान परिषद् ।
- Bhusal, K. & Neupane, N. (2020). A review of blast disease of rice in Nepal. Journal of Plant Pathology & Microbiology 11(12).
- ipmimages.org/index/cfm



**Scientific name: *Meloidogyne* spp.**

विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरीरको छाला छोपिने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ। विषादीको लेवल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ। विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुँदैन।



स्रोत: www.ipmimages.org

चित्र १. जरामा जुकाको आक्रमण तथापि बिरूवा नमरेको



स्रोत: www.ipmimages.org

चित्र २. J2 ले जरामा आक्रमण गरी गाँठा बनाउन शुरु गरेको



स्रोत: www.ipmimages.org

चित्र ३. बायाँ स्वस्थ बिरुवा, दायाँ जुकाको अत्याधिक प्रकोपले बेर्ना मरेको


तयारकर्ता

**श्री होम बहादुर वि.क.,** ब.बा.सं.अ.,
कृषि विभाग, हरिहरभवन, ललितपुर
**श्री महेश तिमिल्सिना,** बा.सं.अ.,
केन्द्रिय कृषि प्रयोगशाला, हरिहरभवन, ललितपुर

सम्पादक

**डा. हिराकाजी मानन्धर**
एनपिडिए, काठमाण्डौ
**डा. रेशमबहादुर थापा**
कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन



प्रकाशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
हरिहरभवन, ललितपुर
फोनः +९७७-१-५४२१३२३/५४२१६४८
Email: doa.agri2014@gmail.com, ppd.doa2020@gmail.com
Website : www.doanepal.gov.np


*यो तथ्यपत्रमा सिफारिस गरिएका विवरणहरु नेपालको लागि सान्दर्भिक छ*